आ.व. ०७८/०७९ को प्रगति विवरण

**१ आ व ०७८।०७९ को लागि विनियोजित वजेट तथा वित्तिय प्रगतिको अवस्था**

क. विनियोजित बजेट ४९,९०,४८,५९५

चालु चर्फ ३०,७४,०३,८८३

पुंजिगत तर्फ १९,१६,४४,७१२

ख. खर्च ३८,८३,५४,६०९।१९(७७.८१ प्रतिशत)

चालु तर्फ २५,२८,२२,५६८।१९(८२.२४ प्रतिशत)

पुजीगत तर्फ १३,५५,३२,०४१ (७०.७२ प्रतिशत)

ग. प्रदेश सरकारलाई फिर्ता ११,१५,९९१

घ. नेपाल सरकारलाई फिर्ता ५,०९,३९,५१४।६९

ङ. गाउपालिका तर्फ खर्च हुन बाँकी (आ.व. ०७९।०८० को लागी अल्या) ५,८१,७५,५०५।६९

च. राजस्व संकलन (अनुमान) १,४३,१७,४०३

छ. राजस्व संकलन (बैंक दाखिला) १,७१,८७,०७०।८७(अनुमानको १२० प्रतिशत संकलन)

**१.१ आ व ०७८।०७९ को योजना तथा भौतिक प्रगतीको अवस्था**

**क.** ठेक्का मार्फत सञ्चालित वहुवर्षिय योजनाहरु १७ वटा रहेकोमा ५ वटा पुर्ण रुपमा सम्पन्न भएको तथा १२ वटा योजना हरु चालु अवस्थामा रहेको छ ।

**ख.** उपभोक्ता मार्फत सञ्चालित योजना ४ वटा रहेकोमा ४ वटै योजना सम्पन्न भएको अवस्था रहेको ।

**ग.** संसदिय विकास कोष वाट सञ्चालित योजना ६ वटा रहेकोमा ६ वटै सम्पन्न भएको अवस्था रहेको ।

**घ.** संघिय सरकार वाट हस्तान्तरित योजना राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम २ वटा योजना रहेकोमा २ वटै कार्यान्वयन भएको तर फरफारक हुन बाँकि रहेको ।

**ङ.** संघिय सरकार वाट प्राप्त झोलुङ्गे पुल योजना १ वटा सञ्चालन को अवस्थामा रहेको छ ।

**च.** संघिय सरकार वाट हस्तान्तरित अन्य ३ वटा योजनाहरु रहेकोमा सम्पुर्ण योजनाहरु कार्यान्वयन भएको ।

प्रमुख प्रशासकिय अधिकृत

## २. आ.व. ०७८।०७९ मा कार्यक्रम सञ्चालन गर्दा देखा परेका समस्याहरु तथा समाधानका उपायहरु

### क. समस्याहरु

- बर्षायाममा सुनसरी खोलाको वाढीले योजनाहरु प्रभावित हुने गरेको ।
- निर्माण व्यवसायहरुले पटक पटक म्याद थप माग्ने ।
- प्राविधिक जनशत्ति को अभाव ।
- राजनितिक प्रातिशोधका लागी कानुनि अधिकारको गलत प्रयोग गरी मुद्दा मामिला गरी योजना सञ्चालनमा अवरोध खडा गर्ने अभ्यास हावी रहेको
- जनसमुदायको असहयोग ।
- योजनाहरुको दिगो लाभ सम्वन्धी जनसमुदायमा जनचेतानाको अभावका कारण योजना प्रति चासो नराख्नु ।

### ख. समाधानका उपायहरु

- सुनसरी खोलामा तटबन्ध लागाइ बाढी नियन्त्रण गरि सहज वातावरणको सृजना गर्नु पर्ने ।
- निर्माण व्यवसायीहरु संग समन्वय गरी समयमै योजना समपन्न गर्न उत्प्रेरित गराउनु पर्ने ।
- पर्याप्त प्राविधिक जनशक्तीको व्यावस्था मिलाइनु पर्ने ।
- राजनितिक दलहरु विच सदभाव सदाचार तथा समन्वय गराइ राजनितिक स्थिरता कायम गरिनु पर्ने ।
- योजनाको दिगो लाभ तथा प्रभाव वारे जनसमुदायमा जनचेतना जगाउनु पर्ने ।

## ३ आ.व.०७९।०८० मा प्रस्तावित वजेट एवम कार्यक्रम तथा कार्यान्वयनको ढाँचा ।

**क.** प्रस्तावित वजेट ५४३७७२२८२

चालु तर्फ ३४४५७२२८२

पुँजिगत तर्फ १९९२०००००

**ख.** आ.व. २०७९।०८० मा कुल १२९ वटा शिर्षकहरुमा कुल ४८० वटा योजनातथा कार्यक्रमहरु रहेको छ ।

**ग.** विनियोजित वजेट तथा स्वकृत निति योजना तथा कार्यक्रमहरु विनियोजन विधेयक २०७९ अनुसार ठेक्का,शिल बन्दि दरभाउ पत्र, ई विडिङ्ग,उपभोक्ता समिति कोटेशन,सोझै आदि प्रक्रिया वाट कार्यनवयन गर्ने ।

प्रमुख प्रशासकिय अधिकृत

### ४ कार्यलयले गरेको उदाहरणीय कामको अभ्यासहरु

- निर्माण सामाग्रीहरुको स्याम्पल अनिवार्य ल्याव टेष्ट गराउने गरेको ।
- कार्यलयले छुट्टै स्थलगत निरिक्षण गरी सवै निर्माण सामाग्रीहरुको स्याम्पल कलेक्सन गरी स्थलगत निरिक्षण गर्दा गाँउपालिकाको प्राविधिक टोली,अनुगमन टोली स्थानिय सुरक्षाकर्मी र सम्बन्धित वडाको वडा अध्यक्ष वडा सचिव र निर्माण व्यवसायीका प्रतिनिधी र स्थानिय वासीहरुको समेतको रहोवरमा मुचुल्का र शिलवन्दि गरी ल्याव टेष्ट गर्ने गरेको ।
- सरोकारवालाहरु सँग नियमित छलफल परामर्श अर्न्तक्रिया गर्ने गरेको ।
- डिपिआर ड्रोईङ डिजाइन माटो परिक्षण लगायतको कामहरु गर्ने गराउने गरेको ।
- योजनाहरु ई विडिङ्ग मार्फत कार्यन्वयन गर्ने गरेको ।
- अनुगमन लाइ प्रभावकारी वनाइएको । गाउपालिका स्तरिय प्राविधिक टोलि र वडा स्तरिय समितिको छुट्टा छुट्टै मुल्याङ्कण समितिको व्यवस्था ।
- वडा कार्यलयहरुमा हेल्पडेक्सको व्यवस्था,निशुल्क फोटोकपि तथा परामर्शको व्यवस्था ।
- गाँउपालिकाको हरेक गतिविधिहरु प्रत्येक दिन गाँउपालिकाको वेवसाइट मार्फत सार्वजनिक गर्ने गरेको ।

भोक्राहा नरसिंह गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय चिरौली, सुनसरी १ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत